Regd. No.: 67/050/51 CDO, 1399/050/51 SWC

1993

राष्ट्रिय अपाङ्ग महासंघ–नेपाल

NATIONAL FEDERATION OF THE DISABLED-NEPAL (NFDN)

Member: Disabled Peoples' International (DPI): Asia Pacific Disability Forum (APDF)

(Towards Inclusive, Barrier Free and Right Based Society for the Persons with Disabilities)

Ref.:

National Federation of the Disabled-Nepal 1993 Kathmandu

## राष्ट्रिय अपाङ्ग महासंघ नेपालमा तालाबन्दी गरिएको भनिएको बारे जारी विज्ञप्ति

राष्ट्रिय अपाङ्ग महासङ्घको विधान कार्य-समितिको निर्णय र जिल्ला प्रशासनको कार्यालय काठमाडौँको मौखिक निर्देशनअनुसार यही मिति२०८२/१२/२७ र २८ गते १०औं राष्ट्रिय महाधिवेशन गर्ने भन्ने निर्णय बमोजिम महाधिवेशनको लागि तयारीका विभिन्न विधि सम्बत क्रियाकलापहरू सञ्चालन गर्दै आएकोमा महासङ्घको केन्द्रीय कार्यसमितिको निर्णय विपरीत महासङ्घमा कार्यसमितिमा रही विभिन्न पदहरूको जिम्मेवारी वहन गरिरहेका केही पदाधिकारी-सदस्यहरुले महासङ्घको केन्द्रीय कार्यालयमा आफूखुसी महासङ्घलाई कुनै जानकारी नदिई, काम गरीरहेका कर्मचारीहरूलाई जबरजस्ती बाहिर निकाली अध्यक्षको अनुपस्थितिमा ताला बन्द गरेको कुरामा यस महासङ्घको गम्भीर ध्यानाकर्षण भएको छ। महासंघको नियमित प्रक्रिया अनुसार विधान सम्बत रुपमा आबद्ध संघसंस्थाहरुलाई मिति २०८२ मसिर २४ गते निर्वाचन कार्य-तालिका सहित सूचना मार्फत १० औं महाधिवेशन मिति २०८२/१२/२७ र २८ गते हुने जानकारी गराइएको अवस्थामा मिति २०८२/११/०५ गते सम्ममा नयाँ आबद्धता र नबिकरण गर्न समय प्रदान गरिएको थियो यद्यपी केहि संस्थाहरुबाट समय अभाव भएको भनि गुनासो प्राप्त भएकोले मिति २०८२/११/१४ गते सम्म आबद्धता र नबिकरण गरिसक्नु पर्ने गरि अन्तिम पटक समय सिमा बढाईएको थियो। सो समय भित्र प्राप्त आवेदन उपर छानबिन गरि आवश्यक कागजात पूर्ण भएका संस्थाहरुलाई आबद्ध र नबिकरण गरि महाधिवेशन पूर्व  कायम संस्थाहरुको अन्तिम नामावली प्रकाशन गरी सो उपर कुनै किसिमको दावी विरोध वा गुनासो भए ७ दिन भित्र २०८२/११/२१ गते सम्ममा इमेल मार्फत निवेदन गर्न आह्वान गरिएको थियो। विधि सम्बत रुपमा प्रदान गरिएको उक्त समय सीमाभित्र एउटा संस्थाबाट मात्र आवेदन प्राप्त भएको तर अरु कुनै संस्थाबाट यस्तो आवेदन प्राप्त नभएको परिस्थितिमा आफूखुशी संस्थाहरुलाई आबद्धता र नबिकरण गरेको तर कागजात सहित आएका केहि संस्थाहरुलाई नबिकरण नगरेको भनि सामजिक संजाल मार्फत गलत लान्छना र दुष्प्रचार भएको कुरा स्पष्ट गराउन चाहन्छौ। महासंघले आफ्नो लोकतातान्त्रिक मूल्य र मान्यताको आधारमा विधान सम्बत रुपबाट जिल्ल्ला प्रशासन कार्यालय, काठमाडौं समेतको  मौखिक निर्देशन र पाटन उच्च अदालतको भावना अनुरुप कार्य समितिबाट निर्णय गरि आयोजना गर्न लागेको १० औं महाधिवेशन लाई अवरुद्ध हुनेगरि गरिएका अवान्छित गति बिधिहरु प्रति महासंघ खेद प्रकट गर्दछ। महाधिवेशनको नियमित प्रक्रिया अधिवेशनको व्यवस्थापन र सदस्य संस्थाहरुको समन्वयलाई चुस्त दुरुस्त रुपमा संचालन गर्नुपर्ने अवस्थामा गरिएको अवान्छित तालाबन्दीले महासंघको प्रशासनिक कार्य लगायत संस्थागत मान्यतालाई बिचलित गराउने प्रयास

भएको हुँदा सम्बद्ध पधाधिकारी सदस्यहरुलाई सो तालाबन्दी तत्काल खुलाई विधिको मान्यतालाई सम्मान गर्दै तोकिएको मितिमा नै महाधिवेशन सम्पन्न गर्न सहयोगको लागि हार्दिक आह्वान गर्न चाहन्छौं।

यस अनुरोधलाई बेवास्था गरि तालाबन्दी यथावत राखेको अवस्था भएमा सो कार्य जिल्ला प्राशासन कार्यालय, काठमाडौंको मौखिक निर्देशन बिपरित हुनुका साथै पाटन उच्च अदालतबाट अन्तरिम आदेश नदिएको कुराको बर्खिलाप हुने कार्य भएको ठहर गर्दै २४ घण्टा भित्र तालाबन्दी नहटाए यस महासंघ स्वयम् उक्त तालाबन्दी हटाउन बाध्य हुने कुरा जानकारी गराउन चाहन्छौं। यसबाट महासंघको गरिमा र बिधि सम्बत प्रक्रिया अवलम्बन गरिरहंदा कुनै दुर्घटना वा क्षति हुन पुगेमा तालाबन्द गर्ने कार्यमा सम्बध्द सम्पूर्ण व्यक्तिहरु स्वयम जवाफदेहि हुने कुरा स्पष्ट गर्न चाहन्छौ।

महासंघले आफ्नो बिधि र लोकतान्त्रिक अभ्यास अनुसार गर्दै आईरहेको कार्यलाई अवरुद्ध हुने गरि यस्ता अवान्छित गतिविधिहरुका कारण यस महासंघका सदस्य संस्था र सुभेच्छुकहरुलाई पर्न गएको चिन्ता र सरोकार प्रति उच्च सम्मान व्यक्त गर्दै महासंघको गरिमा र विधिवत कार्यहरु निरन्तर संचालन गर्न कार्यसमिति दृढ एवं सक्षम भएको कुरा समेत स्पष्ट गर्न चाहन्छौं। महासंघले जारि गरेको निर्वाचन कार्य तालिका अनुसार नै मिति:२०८२/१२/२७ र २८ गते महाअधिवेशन हुने हुँदा सम्पूर्ण सदस्य संस्थाहरुलाई आवश्यक तयारी गर्न यहि विज्ञप्ति मार्फत जानकारी गराउन चाहन्छौं।

National Federation of the Disabled-Nepal 1993 Kathmandu

रमेश पोखे्रल
प्रवक्ता
मिति: २०८२ साल चैत्र ४ गते बुधाबार